म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १११ आइतबार, २१ मंसिर २०८२ ने. सं. ११४६ थिंलागा 7 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राक्सिराङ ६ घोरसिमी कालिकाथानमा बिशेष मेला हुँदै

हेटौँडा, २० मंसिर/धन्य पूर्णिमाको अवसरमा घोरसिमी कालिकाथानमा विशेष मेला-२०८२ आयोजना गर्ने तयारी गरिएको छ । राक्सिराङ-६ सिमर गाउँस्थित घोरसिमी कालिकाथान व्यवस्थापन समितिद्वारा आगामी मंसिर २१ गते गरिने उक्त मेलामा स्थानीय कलाकारहरूको विशेष प्रस्तुति रहने आयोजकले जनाएको छ । मेलाको तयारी अन्तिम चरणमा रहेको र मेलालाई आकर्षक तथा भव्य बनाउन स्थानीय युवाहरू सक्रिय रहेको समितिले जानकारी दिएको छ । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको धन्य पूर्णिमालाई विशेष पर्वको रूपमा मनाउने उद्देश्यले हरेक वर्षझैँ यस वर्ष पनि घोरसिमी कालिकाथान परिसरमा मेला आयोजना गर्न लागिएको हो । मंसिर २१ गते साँझ ४ बजेबाट सुरु हुने मेलामा स्थानीय कलाकारहरूको प्रस्तुति, सांस्कृतिक कार्यक्रम, मनोरञ्जन तथा धार्मिक गतिविधि रहने आयोजक समितिले बताएको छ । आयोजकले स्थानीयवासी, भक्तजन तथा शुभेच्छुक सबैलाई मेलामा सहभागिता जनाई सांस्कृतिक पर्वलाई सफल बनाउन निम्तो समेत गरेको छ ।

### शनिबार बिहानदेखि नै हेटौंडामा सडक विस्तार सुरु

# विद्युत्, टेलिफोन र इन्टरनेट सेवा अवरुद्ध, हेटौँडा बजार अस्तव्यस्त

साझाकुरा संवाददाता

हेटौँडा, २० मंसिर/ लामो समयदेखि सूचनामै सीमित हुँदै आएको हेटौँडा बजार क्षेत्रको सडक विस्तार अन्ततः शनिबार बिहानदेखि सुरु गरिएको छ ।

सडक डिभिजन कार्यालय हेटौंडाले चौथो पटक सूचना जारी गर्दै दिएको १५ दिने अल्टिमेटम शुक्रबार सकिएसँगै शनिबार बिहानैदेखि मुख्य सडक क्षेत्रमा डोजर परिचालन गर्दै संरचना हटाउने काम अघि बढाएको हो । सडक सीमाभित्र पर्ने २५-२५ गज क्षेत्र खाली गराउन महेन्द्र राजमार्ग र त्रिभुवन राजपथमा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नगर प्रहरीको बाक्लो सुरक्षा उपस्थितिबीच डोजर संचालन गरिएको थियो ।

हेटौंडा बजार क्षेत्रको सडक विस्तारका लागि चार दिनभित्र सम्पूर्ण सडक सीमा खाली गर्ने तयारी सडक डिभिजन कार्यालय हेटौंडाले गरेको छ ।

चौथो पटक प्रकाशित सूचनाको १५ दिने अल्टिमेटम सकिएको भोलिपल्टैदेखि डोजर परि चालन गर्दै राजमार्ग सिमाभित्र पर्ने संरचना हटाउने काम तीव्र बनाइएको डिभिजनले जनाएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नगर प्रहरीको बोक्लो उपस्थितीकाबिच शनिबार बिहानैदेखि महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको मुख्य खण्डमा डोजर, जेसिभी र हेभी एक्साभेटर परिचालन गरि २५-२५ गज सडक सीमाभित्र पर्ने संरचना हटाउने काम गरिएको हो । हाल सांकेतिक रूपमा घरहरूको अग्रभाग भत्काउने काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ । घरटहरा लगायतका संरचना डोजर चलेसँगै हेटौँडा बजारमा विद्युत्, टेलिफोन र इन्टरनेट सेवा विच्छेद भएको छ । हेटौँडा बजार अस्तव्यस्त बनेको छ । अल्टिमेटम सकिएको भोलिपल्टै डोजर चलाइएपछि धेरै व्यवसायी बिहानैदेखि सामान सार्न व्यस्त देखिएका थिए । सडक डिभिजन हेटौंडाले यस अभियानलाई 'सडक सीमा संरक्षण कार्यक्रम-२०८२' अन्तर्गत कार्यान्वयन गरिरहेको छ । घरका झ्याल, ढोका, जस्तापाता तथा घरभित्रका सामग्री सुरक्षित स्थानमा सार्नका लागि दुई दिन समय दिइएको र त्यसपछिका चार दिनभित्र सम्पूर्ण सडक सिमाक्षेत्र खाली गर्ने लक्ष्य रहेको डिभिजन प्रमुख गुरु प्रसाद अधिकारीले बताए ।



शनिबार बुद्धचोक, पिपलबोट, बैंकरोड, कर्रा क्षेत्रमा संरचना भत्काइएको छ । रातोमाटे, एचआइडी, चौकीटोल लगायतका स्थानमा कतिपय स्थानीयले स्वयं आफ्नो घरको भाग हटाउँदै सहयोग गरेका छन् । सडक विस्तारका लागि २० वटा हेभी इक्यूप्मेन्ट तयारीमा राखिए पनि शनिबार ६ वटा मात्र परिचालन गरिएको डिभिजनले जनाएको छ । विगतमा पटक-पटक प्रयास गर्दा पनि सडक बिस्तार सफल हुन सकेको थिएन । जिल्ला प्रशासन कार्यालयको समन्वयमा हेटौंडा उपमहानगर पालिका, उद्योग वाणिज्य संघ, स्थानीय सरोकारवाला लगायतसँग पटक पटकको छलफल वार्ता मार्फत् संरचना हटाउने कार्य प्रभावकारी रूपमा अघि बढाइएको प्रशासनले जनाएको छ । विस्तार कार्यका क्रममा मुख्य बजार क्षेत्रमा केही समय यातायात आवागमन प्रभावित हुने भएकाले वैकल्पिक मार्ग प्रयोग गर्न प्रशासनले अनुरोध गरेको छ । यसका लागि वाइपास सडक बनाइएको छ । डिभिजन कार्यालयका अनुसार महेन्द्र राजमार्गका रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म ६ दशमलव ३ किमि र त्रिभुवन राजपथ अन्तर्गत बुद्धचोकदेखि सामरी पुलसम्म ३ दशमलव २ किमि गरी मकवानपुर जिल्लामा कुल ९ दशमलव ५ किमि सडक खण्ड बिस्तार हुनेछ ।

सडक डिभिजनले २०७६ असारमा १ नम्बर वडामा सरकारी निकायले उपयोग गरिरहेको सडक क्षेत्र खाली गराएपछि केही समय सक्रिय भए पनि पछिल्ला वर्षहरूमा मैदानमै उत्रिन सकेको थिएन । त्यतिबेला राप्ती रोडमा स्थानीय र प्रहरीबीच झडप समेत भएको थियो ।

दुई वर्षअघि डिभिजनले अर्को सूचना जारी गरेको थियो । तर, घरधनीहरू सर्वोच्च अदालत पुगेपछि प्रक्रिया रोकिएको थियो । सोही मुद्दाको अदालतको फैसलाको आधारमा अहिले विस्तार पुनः सुरु गरिएको हो । यसक्रममा रातोमाटेदेखि राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म करिब ८.५ किलोमिटर क्षेत्रमा पर्ने कुल ५३१ वटा घर, टहरा तथा अन्य संरचना भत्काउनुपर्ने सडक डिभिजनले जनाएको छ ।

सडक केन्द्रबिन्दुबाट २५-२५ गजभित्र पर्ने संरचना मध्ये दायाँतर्फ २३४ र बायाँतर्फ २९७ संरचना हटाइने डिभिजनका प्रमुख अधिकारीले जानकारी दिए ।

सर्वोच्च अदालतले शुक्रबार मात्रै हेटौंडाको सडक विस्तार सम्बन्धी सूचना कार्यान्वयन नगर्न उत्प्रेषण आदेश दिएको थियो । पूर्वसांसदसमेत रहेकी विन्दवासिनी कंसाकारले दायर गरेको रिटमा अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलाशले सडक विस्तारको सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनु भन्दै सडक डिभिजन कार्यालय हेटौंडाको नाममा आदेश दिएको हो । आदेश आइनसकेको भन्दै सडक डिभिजनले शुक्रबार साँझ सडक विस्तार नरोकिनेबारे अत्यन्त जरूरी सूचना निकालेर बिहानदेखि सडक विस्तार जारी राखेको हो ।

**कानुनी राज्यको नाङ्गो उपहासः कमल थापा**

राप्रपा नेपालका अध्यक्ष कमल थापाले मकवानपुरको हेटौंडामा कानुनी राज्यको नाङ्गो उपहास भएको टिप्पणी गरेका छन् । सर्वोच्च अदालतले सडक विस्तार रोक्न आदेश दिइसक्दा पनि सरकारले संरचना भत्काउन थालेपछि उनले सोसल मिडिया प्लेटफर्म एक्समार्फत् हेटौंडामा कानुनी राज्यको नाङ्गो उपहास भएको टिप्पणी गरेका हुन् ।

'सर्वोच्च अदालतले 'सडक विस्तार तत्काल रोक्नू' भन्ने आदेश दिँदादिँदै पनि पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा बनेको सरकार जनताको निजी सम्पत्तिमाथि आक्रमण गर्दै छ,' अध्यक्ष थापाले लेखेका छन् ।

बाइपासको विकल्प छँदाछँदै र राजमार्ग बन्नुअगावै बसेको बस्ती र जनताको वैध स्वामित्व रहेको निजी सम्पत्तिमाथि मुआब्जा नदिई जबर्जस्ती कब्जा गर्ने कार्य जघन्य अपराध भएको उनले जिकिर गरेका छन् ।

'शक्तिको दुरुपयोग गरी जनताको घर भत्काऊ, तर कमसेकम 'अतिक्रमणकारी' भन्ने गलत आरोप जनतामाथि नलगाऊ,' अध्यक्ष थापाले भनेका छन् ।

### नेपालको साना तथा मझौला व्यवसायमा चिनियाँ चासो

# दुईपक्षीय व्यापार प्रवर्द्धनमा सहकार्य गर्न इच्छुक



साझाकुरा संवाददाता

हेटौँडा, २० मंसिर/ चीनको ग्वाङदोङ प्रान्त सरकार र त्यहाँका साना तथा मझौला व्यवसायीले नेपालका व्यवसायीहरूसँग सहकार्य र व्यापार प्रवर्द्धनका लागि विशेष चासो देखाएका छन् । नेपाल भ्रमणमा रहेको ग्वाङदोङ प्रान्त सरकारका प्रतिनिधिमण्डलले संघीय तथा प्रदेश सरकारका मन्त्री र सचिवहरूसँग भेटेर साना तथा मझौला व्यवसाय प्रवर्द्धनका लागि सहकार्य गर्न इच्छुक रहेको बताएको छ ।

चीनको ग्वाङदोङ प्रान्तका उद्योग, सूचना तथा प्रविधि विभागका उपमहानिर्देशक वान सुपिङ्गको नेतृत्वमा आएको टोलीले साना तथा मझौला व्यवसायी महासंघ नेपालको समन्वयमा बागमती प्रदेशका उद्योग मन्त्री विन्दु श्रेष्ठसँग भेट गरी सहकार्यको प्रस्ताव गरेको हो ।

उपमहानिर्देशक वान सुपिङ्गले नेपाली व्यवसायीले उत्पादन गरेका सामग्रीलाई अन्तर्राष्ट्रियकरण गरी बजार प्रवर्द्धनका लागि उपयुक्त अवसर प्रदान गर्न आफूहरू तयार रहेको बताए । उनले साना तथा मझौला व्यवसायीको विकास तथा विस्तारमा सहकार्य गर्न सधैँ तयार रहेको प्रतिबद्धता जनाए ।

चिनियाँ टोलीले बागमती प्रदेशको स्वास्थ्य मन्त्रालय र संघीय सरकारको उद्योग मन्त्रालयका उच्च अधिकारीहरूसँग पनि भेटघाट गरेको थियो । टोलीमा उद्योग सूचना तथा प्रविधि विभागका उपमहानिर्देशक फान गुवालियाङ्ग, चीनको अन्तर्राष्ट्रिय एसएमई मेलाका उपनिर्देशक हुआङ्ग जिआनजुन लगायतका सदस्यहरू सहभागी थिए ।

साना तथा मझौला व्यवसायी महासंघ नेपालका पदाधिकारी तथा व्यवसायीहरूसँगको छलफलका क्रममा उपमहानिर्देशक वान सुपिङ्गले नेपाली व्यवसायीले उत्पादन गर्ने सामानको माग चीनमा अत्याधिक रहेको भन्दै बजार विस्तारमा सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले दुई देशबीचको व्यवसाय प्रवर्द्धनका साथै सीप तथा प्रविधि आदानप्रदान मा पनि चासो राखे । उनले नेपाली व्यवसायीलाई उत्पादन सामग्रीको बजार विस्तारसँगै प्रविधि तथा सीप मेलामा सहभागी हुन आह्वान समेत गरे ।

सो अवसरमा महासंघका अध्यक्ष इनु पौडेलले नेपाली व्यवसायीलाई चीनका औद्योगिक मेलामा विशेष प्राथमिकता दिएर सहभागीताका लागि सहजीकरण गर्न आग्रह गरे । चिनियाँ टोलीले छलफल पछि नेपाली व्यवसायीका उत्पादन सामग्रीको अवलोकन गर्नुका साथै ललितपुरको पाटनस्थित औद्योगिक क्षेत्रको पनि भ्रमण गरेको थियो ।

# आउँदो पुस ११ बाट बागमती गाउँपालिकामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता




साझाकुरा संवाददाता

हेटौँडा, २० मंसिर/ मकवानपुरको बागमती गाउँपालिकाको आयोजनामा स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता पुस महिनामा हुने भएको छ ।

गाउँपालिकाको वार्षिक क्यालेण्डर अनुसार आठौँ संस्करणको प्रतियोगिता अगामी पुस महिनामा हुन लागेको बागमती गाउँपालिका शिक्षा शाखाका प्रमोद राईले जानकारी दिए ।

प्रतियोगिता पुस ११, १२ र १३ गते हुनेछ । छात्र र छात्राको भलिबल, फटवल, कबडी, दौड, हाइजम्प, लङजम्प, कराँते, तेक्वान्दो र उसु छुट्टाछुट्टै खेलाइनेछ । यो वर्ष फुटबल र उसुलाई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पहिलोपटक समावेश गरिएको शिक्षाशाखा प्रतिनिधि राईले बताए । बागमती गाउँपालिकाले शुक्रबार सूचना जारी गरी गाउँपालिकाभित्रका विद्यालयलाई सहभागी हुन आह्वान गरेको छ । प्रतियोगितामा कक्षा ६ देखि १२ सम्म नियमित अध्ययनरत १८ वर्षभन्दा मुनिका विद्यार्थीले मात्र सहभागी हुन पाउनेछन् । भलिबल र कबडीको प्रत्येक टिममा बढीमा ९/९ जना र फुटबलमा १८/१८ जना खेलाडी राख्न पाइनेछ । एथ्लेटिक्सतर्फ एक इभेन्टमा २ जनासम्म खेलाडी सहभागी हुन पाउनेछन् । टिम खेलमा एउटा खेलाडी एक खेलमा मात्रै सहभागी हुन पाउनेछन् ।

भलिबल र कबडीमा अलग अलग खेलाडीको टिम हुनुपर्नेछ । टिम खेलमा एउटा विद्यालयबाट एक टिममात्रै सहभागी हुन पाउनेछ । खेलाडीको बसोबास, यातायातलगायत अन्य खर्च सहभागी विद्यालय स्वयम्ले व्यर्होनुपर्नेछ । सहभागी खेलाडीले अनिवार्यरुपमा ड्रेसमा खेल खेल्नु पर्ने बताइएको छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका (पाचौं संशोधन) को दफा २ (घ) बमोजिमका खेलाडी तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता खेलिसकेका खेलाडी प्रतियोगितामा सहभागी हुन पाउने छैनन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले नगदसहित शिल्ड, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यसैगरी उत्कृष्ट खेलाडीले ट्रफी र पदक प्राप्त गर्नेछन् । पदक प्राप्त खेलाडी तथा टिमले जिल्लास्तरीय प्रतियोगितामा सहभागी हुन पाउनेछन् । प्रतियोगिताको विजेता टोलीले जिल्लास्तरीय प्रतियोगितामा अनिवार्य भाग लिनु पर्नेछ । प्रतियोगिता बागमती-४, झुरझुरेस्थित सहिदस्मृति रंगशालामा हुनेछ ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२१०९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कैलाश जोड्ने कालोपत्रे

कालोपत्रे सडकले कैलाश गाउँपालिकाको केन्द्र जोडिने खवर कैलाशबासीमा निकै उत्साह दिलाएको छ । सडकको ट्रयाक खन्न सुरु गरेको चार दसक पछि बल्ल मकवानपुरको एउटा सडक कालोपत्रे हुने निश्चित भएको हो । मकवानपुरको दुर्गम कैलाश गाउँपालिका जोड्ने सडक पहिलोपटक कालोपत्रे हुने भएको हो । त्रिभुवन राजपथको चुनियाँबाट नामटार हुँदै कैलाशको केन्द्र कालिकाटार पुग्ने सडक कालापत्रे भएपछि कलाशबासीको खुशी बढ्ने छ । कैलाशको ग्रामीण भेगमा बसोबास गर्ने नागरिकले दुख झेल्न नसकेर बसाइसराई गर्न थालेको थुप्रै वर्ष भयो । कैलाशबाट हेटौंडा, मनहरी, ज्यामिरे, हाँडीखोला क्षेत्रमा बसाइसरी आउने संख्या निकै छ । चार दसकदेखि धुलो र हिलोमा सास्ती खेप्दै आएका स्थानीयका लागि यो विकासको नयाँकिरण बनेको छ । हिउँदमा धुलाम्मे र वर्षायाममा हिलाम्मे सडक कैलाशवासीको दैनिक जीवनचर्या बनेको थियो । सिजनमा मात्र चल्ने सडक वर्षा लागेलगत्तै बन्द हुने गर्थे । तर, संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयासमा अहिले कैलाशमा सडक विस्तार र स्तरोन्नतिको महाअभियान तीव्रगतिमा अघि बढिरहेको छ । राणाकालमा काठमाडौंमा दरबार बनाउनका लागि यही गाउँका मानिसले काठ चिरान गरी बोकेर राणाको दरबारमा पुर्‍याउने गरेका थिए ।

त्रिभुवन राजपथको चुनियाँदेखि कैलाश गाउँपालिकाको केन्द्र कालिकाटार सम्म २१ किलोमिटर दूरीमा पर्छ । २०३७ सालमा ट्रयाक खन्ने कार्य सुरु भएको यो सडक पहिलोपटक स्तरीकरण र कालोपत्रे हुने क्रममा पुगेको हो । अब धुलो र हिलोको युग अन्त्य हुँदैछ र कैलाश, जसलाई वर्षौंदेखि 'दुर्गम' भनिन्थ्यो, सुगम र समृद्धिको नयाँयात्रामा निस्कँदै छ । गाउँपालिकाले चुनियाँ-नामटार-कालिकाटार सडकलाई विकासको प्रमुख पूर्वाधारकारुपमा अघि सारेको छ । प्रदेश सरकारको १८ करोड रुपैयाँको लगानीमा निर्माण भइरहेको सात किलोमिटर लामो भाल्टार-वनझाँक्री सडकखण्डको स्तरीकरण अन्तिमचरणमा पुगेको गाउँपालिकाले जानकारी दिएको छ । प्रदेश सरकारको लगानीमा भइरहेको काम लगभग सकिन लागेको छ । बाँकी खण्डको काम संघीय र स्थानीय सरकारको संयुक्त बजेटबाट भइरहेको छ । आगामी वर्षसम्म यो सडकलाई कालोपत्रे गरेर कैलाशलाई कालोपत्रे सडकसँग जोड्ने लक्ष्य छ । यो सडक निर्माण सम्पन्न भएपछि कैलाशका बासिन्दाको हेटौंडासम्मको यात्रा सहज र छोटो हुनेछ । कृषिउपज बजारसम्म सजिलै पुर्‍याउन सकिनेछ भने स्वास्थ्य र शिक्षामा पनि पहुँच बढ्नेछ । भौगोलिकरुपमा माथिल्लो र तल्लो भूभागमा विभक्त यो पालिकामा सडकसञ्जाल विस्तारले दुवैक्षेत्रमा समान विकासको बाटो खोल्नेछ । सडक सञ्जालको विस्तारसँगै शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनका क्षेत्रमा नयाँ सम्भावनाका ढोका खुल्नेछन् । विकट कैलाश अब सुगम र समृद्ध बन्ने दिशातर्फ अघि बढेको छ । पालिकाभित्रकै गोगने-गैरीगाउँ मोटरबाटो निर्माणका लागि ४० करोड रुपैयाँको ठेक्का सम्झौता भइसके पनि सडक डिभिजन कार्यालयबाट भोगचलन अनुमति नआउँदा अहिलेसम्म यो सडकको काम अघि बढ्न सकेको छैन । प्रशासनिक गतिरोधले विकाससँगै नागरिकको अधिकारमा अवरोध पुग्छ भन्ने स्थानीयलाई लागेको छ । प्रशासनिक अवरोधले विकासको गतिसुस्त बनाउन सक्छ । त्यसमाथि पालिकाको आन्तरिक स्रोत पनि अत्यन्तै न्यून छ ।

सीमित बजेटले कर्मचारीलाई तलब खुवाउन धौधौ पर्छ, ठुला आयोजनाका लागि संघ र प्रदेशकै मुखताक्नु पर्ने बाध्यताले यहाँका नागरिकको अधिकारलाई कुण्ठित गरेको स्थानीय बताउँछन् । वर्षौंदेखि धुलो र हिलोमा सास्ती खेपिरहेका स्थानीय अब कालोपत्रे सडकको पर्खाइमा छन् । पहिला-पहिला बिरामी पर्दा धामीझाँक्री लगाएर झारफुक गर्ने र बिरामी निकै सिककिस्तै भएपछि मान्छे लगाएर डोकोमा बोकेर अस्पताल लैजाने चलन थियो । अहिले बाटो बन्न थालेपछि राहत मिलेको छ । केही वर्ष अघि तत्कालीन एन्फा अध्यक्ष गणेश थापा सांसद भएको समयमा कुमलटार बासीलाई एक थान एम्बेलेन्स पनि दिएका थिए । सहरजस्तै सुविधा गाउँमै पाउने सम्भावना देखियो भने युवापुस्ता गाउँमै बस्ने वातावरण बन्नेछ । सडक सञ्जालले बसाइँसराइ घटाउने र गाउँमै रोजगारी सिर्जना गर्नेछ । २०७८ को जनगणनाको तथ्यांकअनुसार २४ हजार ३६२ जनसंख्या भएको कैलाश गाउँपालिकाको अर्थतन्त्र अझै पनि कृषिमै केन्द्रित छ । हेटौंडाबाट करिब ४५ किलोमिटरको दूरीमा रहेको यो गाउँपालिकाको करिब ११ हजार मानिस प्रत्यक्षरुपमा कृषिपेसामा संलग्न छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर २२ गते सोमबार ८ डिसेम्बर २०२५ । चतुर्दशी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४४ सूर्यास्त ५:०७।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ नतिजा आउनेछ | तुला | : घरेलु समस्याले सताउनेछ |
| वृष | : दिन रमाइलो हुनेछ | वृश्चिक | : आफन्तले धोका दिन सक्नेछन् |
| मिथुन | : मन खिन्न हुनेछ | धनु | : मनमा उमङ्ग बढ्नेछ |
| कर्कट | : शरीरमा स्फुर्ती बढ्नेछ | मकर | : रमाइलो छोटो यात्रा हुनेछ |
| सिंह | : घरायसी मेलमिलाप हुनेछ | कुम्भ | : काम गर्ने आत्मबल बढ्नेछ |
| कन्या | : पढाइलेखाइमा सफलता मिल्नेछ | मीन | : अरुको विश्वास जित्न सकिनेछ |

# डिजिटल हिंसा कहिलेसम्म सहने ?



✍ अमृता लम्साल

सूचनाप्रविधिको क्षेत्रमा देखिएका परिवर्तन अहिलेको समयको मुख्य चुनौती हो । हामीले भन्ने गरेको सामाजिक सञ्जाल र यसबाट आइपरेको समस्या त आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को गलत प्रयोगको अगाडि केही पनि होइन । एआईको कुरा गर्दा यो, एउटा/दुइटा मात्रै होइनह हजारौंको संख्यामा पुगिसकेका छन् । 'फ्युचरपिडिया'नामक एउटा फोरमका अनुसार हाल २५ सय ६३ वटा एआईका प्लेटफर्महरू छन् भनेको छ भने, अन्य स्रोतले ७० हजारभन्दा बढी छन् र, यी प्लेटफर्महरू हरेक दिन परिवर्तन भइरहन्छन् पनि भनेका छन् ।

चरपिडियाले एआई टुल्सहरूलाई दश क्याटागोरीमा विभाजित गरेको छ । तीमध्ये, एआई बिजिनेस टुल्स १५ सय ७७, एआई प्रोडक्टिभिटी टुल्स ६३७, अटोमेसन टुल्स ४७०, एआई इमेज टूल्स ३०४, एआई भिडियो टूल्स १८३ छन् । अन्यमा, एआई टेक्स्ट जेनरेटर्स ३१०, एआई कोड टुल्स २०६, एआई अडियो जेनेरेटर्स १५१ तथा एआई आर्ट जेनेरेटर्स ११९ छन् । हामीमध्ये धेरैले, जेनजी आन्दोलनको क्रममा एआई 'जेनेरेटेड'सिंहदरबार जलाएको फोटो 'पहिले नै सामाजिक सञ्जाल(विशेषगरी टिकटकमा)मा राखिएको थियो' भन्ने पनि सुन्यौंह बूढानीलकण्ठतिरको घरमा पैसा जलेको भिडियो, 'एआईबाट बनाएको हो' भनेर सम्बन्धित घरवालाको स्पष्टीकरण पनि टेलिभिजन र पत्रपत्रिकामा देख्यौं । त्यो दुइटा उदाहरणले पनि के थाहा हुन्छ भने, एआईले साँचो कुन र झूटो कुन हो छुट्याउनै गाह्रो पर्ने स्थितिको सृजना गरिदिएको छ ।

यसै सन्दर्भमा गत नोभेम्बर ३० मा अमेरिकाबाट प्रकाशित हुने 'द वाशिङ्टन पोस्ट'मा एउटा आलेख छापिएको छ । डीप फेक अफ नर्थ क्यारोलाइना लमेकर युज्ड इन अवार्ड विनिङ रलपुल भिडियो शीर्षकमा छापिएको उक्त स्टोरी अनुसार, अमेरिकाको नर्थ क्यारोलिना राज्यकी स्टेट सिनेटर डिएन्ड्रिया साल्भाडोरले सन् २०१८ मा 'टेड-टक'मा बोलेको भिडियोको क्लिप राखेर ब्राजिलमा काम गर्ने एउटा विज्ञापन एजेन्सीले 'ह्विवर्लपूल'कम्पनीको लागि विज्ञापन बनाएछ र, उक्त विज्ञापनले, फ्रान्समा भएको 'क्यान्स लायन्स इन्टरनेशनल फेस्टिभल'मा दुइटा अवार्ड जितिसकेको रहेछ । उक्त फेस्टिभललाई 'विज्ञापनको अस्कर'जस्तै मानिंदो रहेछ । अमेरिकाको निम्न आयस्रोत भएका वर्गको बारेमा कसरी इनर्जी सेभिंग गर्न सकिन्छ भनेर बोलेको भिडियोलाई एआई प्रयोग गरेर 'ह्विवर्लपूल'को प्रवक्ता जस्तो बनाएर विज्ञापन बनाइएको रहेछ । त्यो कुरा, उक्त विज्ञापनले दुइटा अवार्ड जितुन्जेल पनि थाहा रहेनछ । होस पनि कसरी ? आफूले, आफ्नै देशमा बोलेको कुरा अन्य देशको विज्ञापन कम्पनीले प्रयोग गर्छ भन्ने कहाँ सोच्न सकिन्छ र ?

सो विज्ञापनमा सीएनएनको दृश्य पनि त्यसैगरी हालेको रहेछ । सीएनएनले थाहा पाएर ब्राजिलमा ह्विवर्लपूललाई कम्प्लेन फाइल गरेछ । त्यसपछि सिनेटर साल्भाडोरले चिनेको मानिसहरूले उनको ध्यानाकर्षण गराएछन्ह उनीहरूले सोधेछन्, यो तिमी आफैंले बोलेको हो कि, एआई जेनेरेटेड हो ? त्यसपछि बल्ल उनले थाहा पाएकी रहिछन् । उक्त एजेन्सीले अवार्ड त फिर्ता गरेछह तर, जतिले सो विज्ञापन हेरेका थिए, उनीहरूलाई के थाहा सो विज्ञापन एआई जेनेरेटेड हो भनेर ! त्यस्तै अर्को रोचक आलेख, अमेरिकी सञ्चार संस्था सीएनएनको अनलाइन, हेल्थ संस्करणमा २८ नोभेम्बर २०२५ मा प्रकाशित भएको छह जसको शीर्षक, 'साउथ कोरियाज् एजिंग पपुलेसन फाइन्ड्स कम्फर्ट, केयर इन रोबो-ग्रान्डमा डल्स्' (साउथ कोरियाका वृद्ध जनसंख्या, 'रोबो ग्रान्डमा' पुतलीमा रमाउँछन् उनीहरूको सुसार गर्छन्) ।

सो 'रोबो-ग्रान्डमा'पुतली बनाउनुको कारण बढ्दै गएको उमेरसँगै एक्लिएका ती ज्येष्ठ नागरिकहरू एक्लो महसुस गरेर मानसिक स्वास्थ्य बिग्रने कारणले उनीहरूको स्वास्थ्यलाई ठिक राख्न, ७ वर्षका बच्चाहरू जस्तो बोल्ने रोबट पुतली बनाइएको रहेछ । ती पुतलीहरूले छोटा कुराकानी गर्ने, औषधि खान सम्झाउने समेत गर्न सक्ता रहेछन् । उक्त पुतली पनि एआई जेनेरेटेड टेक्नोलोजी नै हो । सालोम ग्राउवार्डद्वारा लिखित उक्त लेखमा ती पुतलीहरू र एआई जेनेरेटेड घरपालुवा जनावरहरूको बारेमा पनि जानकारी दिइएको छ ।

यस्तो छ अहिलेको समय ! उपरोक्त उदाहरणहरू दिनुपरेको कारण के हो भने, हामीले बुझ्ने जस्तो फेसबुक र एक्समा गरिने ट्रोलले मात्रै डिजिटल हिंसा हुने वा गरिने होइनन् । डिजिटल हिंसाको अर्को विकराल रूप अनलाइन पत्रिकाहरूमा लेखिएको लेखहरूमा गरिने कमेन्टहरूमा पनि देखिन्छ । पत्रपत्रिकामा लेख लेख्नु भनेको विभिन्न विचारहरूलाई सार्वजनिक गरेर त्यसमा पक्ष/विपक्षबाट छलफल होस्ह कुनै समस्या छ भने छलफलबाट समाधान निस्कियोस्, सरकार वा सम्बन्धित निकायको ध्यानाकर्षण होस् भन्ने पनि हो । आफूलाई चित्त नबुझ्ने बित्तिकै तार्किक बहस गर्ने होइन कि, कमेन्टमा गएर आमाचकारी गाली गर्ने, अझ महिला छन् भने उनीहरूलाई व्यक्तिगत लाञ्छना लगाउँदै चरित्रहत्या गर्न कुनै कसर छाडिन्न ।

तर, हाम्रो बानी कस्तो भयो भने, आफूलाई चित्त नबुझ्ने बित्तिकै, तार्किक बहस गर्ने होइन कि, कमेन्टमा गएर आमाचकारी गाली गर्ने, महिला छन् भने उनीहरूलाई व्यक्तिगत लाञ्छना लगाउने, चरित्रहत्या गर्ने आदि गर्न कुनै कसर छाडिन्न । यो पंक्तिकारले धेरै अगाडि एउटा बलात्कारको केसमा लेख्दा, लेखको कमेन्टमा "सिधै आएर तँलाई पनि बलात्कार गर्दिन्छु" लेखिएको थियो । शायद तीन या चार वर्ष अगाडि होला, फ्रन्टलाइनमै देखिने एक अनलाइनमा प्रकाशित लेखको कमेन्टमा, लेख लेख्ने पत्रकार महिलामाथि गरिएको कमेन्ट अत्यन्तै असहिष्णु थियो । त्यहाँ लेखिएको थियो– 'कसैले यसलाई बलात्कार गर्छ भने म १० लाख दिन्छु ।'

यस्ता कमेन्टहरू सबैले सहज तरिकाले लिन सक्छन् भन्ने छैनह यसले, सम्बन्धित व्यक्तिलाई मानसिक रूपमा क्षत-विक्षत नै बनाएर छाड्छ । यस्तो अवस्थामा न त अधिकांश पत्रिकाले साथ र सहयोग दिन्छन्ह न अरू कसैले । त्यसपछि महिलाहरू आफ्नो आवाज दबाएर चुपचाप बस्न खोज्छन् । मिडियाकै क्षेत्रमा हुँदा पनि अहिलेसम्म नबुझेको कुरा, ती अनलाइनहरूले त्यसता अपमानजनक, धम्की दिने कमेन्टहरू प्रकाशन गर्न हुँदैन भन्नेतर्फ किन ध्यान दिँदैनन् ! यस बारेमा, अमेरिकाबाट प्रकाशित हुने 'द न्युयोर्क टाइम्स'को त त्यस्ता कमेन्टहरू प्रकाशित नगर्ने नीति नै रहेछ ।

उक्त पत्रिकाले मानव तथा टेक्नोलोजीको संयुक्त सहयोगमा कमेन्टमा आउने घृणात्मक अभिव्यक्ति, कुनै पनि जाति, धर्म, राष्ट्रियता, लिङ्ग, अपाङ्गता, व्यक्तिगत आक्रमण, धम्की लगायत कुराहरूलाई प्रकाशन तथा प्रसारण गर्न रोक्दो रहेछ । तर यहाँ त, 'बलात्कार गरेमा पैसा दिन्छु' भन्ने कुरा पनि खुलेआम छापिन्छ । यस्तो परिस्थितिमा, नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म हरेक वर्ष अन्तर्राष्ट्रिय स्तरमा मनाइने 'लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान' यसपालि 'प्रविधिको सही प्रयोग गरौं: लैङ्गिक हिंसा अन्त्य गरौं' नाराका साथ मनाइरहिएको छ ।

यो १६ दिने अभियानको सुरुआत प्रधानमन्त्रीदेखि महिला हकहितको लागि खोलिएका अनगिन्ती संघ/संस्थाहरूले मनाउँछन्ह ती कुराहरू समाचारमा पनि आउँछन् । झन् आजकल त सामाजिक सञ्जाल मार्फत आफूले गरेका कामका फोटोहरू हालेर जताततै सबै सु-सूचित भएको झझल्को पनि दिन्छन् । तर, त्यही समयमा, देशको पहिलो महिला प्रधानमन्त्रीमाथि सामाजिक सञ्जालमा गरिएको टिप्पणी र अपमान देख्दा र पढ्दा, ती १६ दिने अभियानले कता/कसरी चेतना फैलाइरहेको छ भन्ने प्रश्न ठूलै स्वरले सोध्न मन लाग्छ । अहिले देशको प्रधानमन्त्री काकताली परेर महिला हुनुहुन्छह कम्तीमा प्रधानमन्त्रीको पदको त सम्मान हुनुपर्ने हो । तर, अहँ ! बरु अहिलेको समयमा, सामाजिक सञ्जालमा सबैभन्दा बढी उहाँकै अपमान भइरहेको होला !

कसैले, उहाँलाई गलहत्याएर पदबाट निकाल्नुपर्ने कुरा गर्छन् भने कसैले, तरकारी किन्न जाँदा समातेर प्रधानमन्त्री बनाइएकी भन्न समेत पछिपरेका छैनन् । कसैले, उहाँको उमेरलाई समेत होच्याएर पिसाब फेर्न बस्दा उठ्न नसक्ने भन्छन्ह कसैले, सारी फेरेर लगाएकोमा अपमानित गर्न छाड्दैनन् । नोभेम्बर २५ कै दिन थियो, जुन दिन महिला तथा बालिकामाथि हुने डिजिटल हिंसा अन्त्य गर्ने १६ दिने अभियान शुरु भयो, त्यही दिन राजनैतिक र सामाजिक रूपमा सचेत एक जनाले देशको पहिलो महिला प्रधानमन्त्रीमाथि डिजिटल हिंसा हुने स्टाटस लेख्नुभयो- 'आमा' बनेर जागिर खान पुगेकी थिइन्, आतंकी बनेर छोराछोरीलाई यातना दिन उद्यत छिन्..... पधेर्नी आइमाई !'

यदि प्रधानमन्त्रीले आफ्नो पदीय दायित्व निर्वाह नगरेको भए, नीतिनियम विपरित काम गरेको भए प्रधानमन्त्रीको काममाथि टीका-टिप्पणी गर्न नहुने भन्ने पक्कै होइन । तर, राजनैतिक विचारधारा नमिलेकै कारण, कुनै व्यक्तिमाथि तल्लो स्तरमा उत्रिएर गालीगलौजको भाषा प्रयोग गरिन्छ भने त्यो पक्कै पनि लैंगिक हिंसा हो । जुन देशमा प्रधानमन्त्रीको पदमा आसीन महिलामाथि त लैंगिक हिंसा हुन्छ भने त्यो देशको नीतिनियमबाट महिला तथा बालिका डिजिटल, शारीरिक या मानसिक हिंसाबाट जोगिन्छन् भन्ने ग्यारेन्टी के ? यस बारेमा अर्को एउटा उदाहरण, नाट्यकर्मी तथा सामाजिक अभियन्ता घिमिरे युवराजले फेसबुकमा लेखेको स्टाटस पनि होह जसमा भनिएको छ, "जा...मर् न त..." हालै एक महिला कलाकारको सोसल मिडिया पोष्ट पढेकी थिएँ । सोसल मिडियामा उनीबारे भएका सस्ता आलोचना र गालीले उनलाई निकै गाह्रो भइरहेको रहेछ । उनले लामो पोस्टको अन्त्यमा लेखेकी छिन्: 'मलाई अचेल बाँच्न गाह्रो भएको छ ।' यो पढ्दा म निकै झस्किएँ । उनी कुन मानसिक अवस्थाबाट गुज्रिएकी होलिन् ! भर्खरै मात्र सञ्चारकर्मी मित्र दिपेन्द्र खनियाँको आत्महत्याको अत्यन्तै दुखान्त घटनापछि हामी वरिपरिका साथीहरूले आफैंलाई धिक्कार्यौं: 'के हामीले कहिल्यै उसलाई 'तिमीलाई कस्तो छ !' भनेर सोध्यौं?' फेरि अर्को कलाकारले भन्छ: 'मलाई बाँच्न गाह्रो भयो ।' त्यो पोस्टमा आएका प्रतिक्रियाहरू पढ्दा म झन् निराश र आश्चर्यचकित भएँ । ढाडस दिने त कमै छन्ह कतिले त यत्तिको अमानवीय शब्द लेखेका छन्: 'जा, मर न त...' उफ्... को हो यो लेख्ने ? कस्तो हुर्काइ, परिवेश वा मानसिकताका मानिसले यसरी लेख्न सक्छ ? यो त निर्दयता र हिंसाको चरम रूप हो ।

केही दिनअघि मेरा मित्र लेखक गनेस पौडेलसँग सोसल मिडियामा आउने प्रतिक्रियाबारे छलफल भएको थियो । उनले भनेका थिए: 'हामीकहाँ सोसल मिडियामा आउने (सामाजिक-राजनीतिक) प्रतिक्रियामा ९५ प्रतिशत प्रतिक्रिया पुरुषहरूको छ । यसबारे सर्वेक्षण भएको छ रे ! ' त्यसो भए गालीगलौज र फोहोरी/हिंसात्मक कमेन्ट गर्नेमा यो प्रतिशत कहाँ पुग्ला ? सोसल मिडियामा ९९.९९९९ प्रतिशत फोहोरी वा हिंसात्मक प्रतिक्रिया पुरुषहरूबाटै आइरहेका छन् । हाम्रा पहुँचका पोस्टहरूमा आउने प्रतिक्रियाबाट पनि स्पष्ट हुन्छ, हाम्रो सोसल मिडिया केवल पुरुष-वर्चस्वमा मात्र छैन, अति नै 'महिला-द्वेषी' छ । फेसबुक, टिकटक, इन्स्टा, एक्स वा युट्युब जहाँ पुगे पनि महिलाका पोस्टमा गाली गर्ने, पढ्नै नसकिने फोहोरी शब्द लेख्नेहरू पुरुष नै हुन्छन् । ती गालीहरू कुनै शारीरिक हिंसाभन्दा कम हिंसात्मक छैनन् ।

फेसबुक वा एक्समा श्रीमती लुनाले लेखेका व्यक्तिगत विचारमा आएका पुरुषहरूको कमेन्ट यति अपमानजनक र हिंसात्मक छन् कि मैले कतिपय कमेन्ट पूरा पढ्ने हिम्मत नै गरिनँ । हिंसात्मक प्रतिक्रियाका कारण लुनालाई मानसिक तनाव बढेर एक्स छोड्नै बाध्य हुनुपर्‍यो । म बारम्बार सोचिरहन्छु, कसरी यस्ता मानिसहरू महिलालाई बलात्कारसम्मको चरम सीमामा गएर गाली गर्न सक्छन् ? तिनका घरमा आमा, दिदीबहिनी, श्रीमती वा छोरीहरूको अवस्था कस्तो होला ? वरिपरिका महिलाहरूप्रति उनीहरूको व्यवहार कस्तो होला ? कहिलेकाहीं त लाग्छ, सोसल मिडियामा महिला हिंसा गर्नु मानसिक रोग नै हो ? कतिपय पुरुष (छोरीहरूका बाबुहरू) लाई व्यक्तिगत रूपमा चिन्छु तर तिनैले सामाजिक सञ्जालमा अत्यन्त महिला-द्वेषी पोस्ट गर्छन् । अझ त्यस्ता ससुराहरूले आफ्ना घरका बुहारीलाई कसरी हेर्छन् होला ?

अचेल त यस्तो लाग्न थालेको छ, घरमा हुने महिला हिंसाभन्दा डरलाग्दो छ सोसल मिडियामा हुने महिला हिंसा । तर, अन्ततः यो सबै घरतिरै फर्किने हो । त्यसोभए यो दुर्गन्धलाई कसरी हटाउने ? के हाम्रो दिमाग यति फोहोरी भइसक्यो कि चेतनाले नै काम गर्न छोडिसक्यो ? म एक्सको कुरा गर्ने हो भने, त्यहाँ केही वर्ष अगाडिसम्म तार्किक र वैचारिक बहसमा भाग लिइरहने धेरै महिलाले आफ्नो विचार र तर्क राख्न कम गरिसकेका छन् । किनकि, कोही पनि अनावश्यक रूपमा घृणात्मक अभिव्यक्ति र ट्रोलको शिकार हुन चाहँदैनन् । त्यस्ता कमेन्टहरूले कतिपयलाई मानसिक रूपमा अस्वस्थसम्म बनाइदिएका छन् भने कतिपय व्यक्तिहरू जतिसुकै अन्याय भए पनि आफ्नो आवाज दबाएर राख्न विवश हुन्छन् । हुन त, यसरी गरिने हिंसा महिला तथा बालबालिकामा मात्रै सीमित छैनन् । बहालवाला शिक्षा मन्त्री महावीर पुनलाई सामाजिक सञ्जालमा लगाइएको आरोपबारे नोभेम्बर २७ तारिखमा उनले दिएको जवाफले पनि कति तल्लोस्तरमा झरेर आरोप लगाइन्छन् भन्ने उदाहरण देखिन्छ । उनले लेखेका छन्– "लौ हेर्नुहोस् अमेरिकाको सीआईएले म महावीर पुनलाई दिएको पहिलो स्याटेलाइट फोनको सम्पूर्ण टेक्निकल विवरण – मोहन लामा रुम्बा भन्ने एक जना भाइले त मलाई सीआईएको एजेन्ट भनेर ठोकेरै भनेका छन् ।

मैले द्वन्द्वकालमा सीआईएले दिएको त्यस्ता धेरै स्याटेलाइट फोनहरू अमेरिकाबाट चोरी निकासी गरेर माओवादीहरूलाई उपलब्ध गराएको भनेर बारम्बार सोसल मिडियामा भनिरहेकै छन् । त्यो भाइ एकनम्बरको बकम्फुसे रहेछ भनेर म पनि चुप लागेर बसेको हो । वास्तवमा त्यो स्याटेलाइट फोन भनिएको चिज आजभोलि सबैको घर-घरमा भएको वाईफाई राउटरको हजुरबुवा हो र त्यसको फोटो हेर्नुहोस् । टेक्निकल कुराहरू बुझ्नेले यो dlink .ru/en/ products/2/... वेबसाइटमा गएर पनि हेर्नुहोस् । त्यतिबेला यो भन्सार छलेर ल्याएको चाहिं पक्कै हो ।" अझै महत्वपूर्ण कुरा त, महिला तथा बालिकामाथि हुने डिजिटल हिंसाको कुरा गर्दा हामी मिडियाकर्मीहरूले पनि थाहा पाई/नपाई कुनै वर्ग/समुदाय/धार्मिक/यौनिक अल्पसंख्यक लगायत थुप्रै महिला तथा बालिकालाई अपराधीकरण गरिरहेका हुनेरहेछौं !

उदाहरणको लागि, मिडियाले कथा/आलेख प्रस्तुत गर्दा 'झिंझाका पासवान र डकैती एक-अर्काका पर्यायवाची' बनाइदिएको प्रसंग लिऊँ । त्यसरी पर्यायवाची बनाइदिएको कारणले ती जाति र समुदायको मन कति दुखाएका रहेछौं भन्ने जान्न यसबारेमा, २०७६ पुस १९ गते नयाँ पत्रिकामा छापिएको आलेख 'डाँकाकी बुहारी !' पढ्दा हुन्छ । त्यो आलेखमा भनिएको छ- "हामी जुन इतिहास बिर्सिन चाहन्छौं, काठमाडौं घरीघरी त्यही इतिहास सम्झाउन खोज्छरु । त्यति मात्र होइन, दोहोर्‍याउन खोज्छ । मिडिया पनि हाम्रो आँसुलाई बेच्न चाहन्छ, न कि हाम्रो समस्यालाई सम्बोधन गराउनका लागि पहल गर्न ।" एउटा गौरवपूर्ण इतिहास बोकेको समुदायलाई पूर्व डाँकाहरूको संज्ञा दिने अधिकार कहाँ लेखिएको छ ? बरु पासवानहरू त यो देशको सबैभन्दा बढी देशभक्त र इमान भएको समुदाय पो हो । जसलाई राज्यकै संरक्षणमा डकैती पेशा अँगाल्न बाध्य पारिएको होरु ।

आफूलाई 'महराज चौहरमल'का सन्तान मान्ने पासवानहरू कसरी आज दलित भए र डाँकाको अपमान भोग्न बाध्य भए ? खोज्नुपर्ने इतिहास त यो हो । हुन पनि हामीलाई त्यसरी खोज्नु नै छैन किनकि, त्यो समुदायलाई जे आरोप लगाइएको छ, त्यसरी नै प्रस्तुत गर्दा शायद, रोमाञ्च महसुस हुन्छ अर्काको आत्मा रोएको महसुस हुँदैन । त्यस्तै अर्को उदाहरण वादी जातिलाई यौनकर्मीको पर्याय यस्ता कतिपय कुरालाई गम्भीरतापूर्वक सोच्न जरूरी भएन र ? तत्-तत् समुदायका व्यक्तिहरूले भोगेको त्यो पीडा महसुस गर्न सक्नुहुन्छ ? त्यस्ता कथाहरू अरू पनि छन्, लैंगिक र अल्पसंख्यकले भोगेको यथार्थलाई हामी मिहिन रूपले कति केलाएर लेख्छौं ? मिडियाले बनाइदिएको न्यारेसनबाट छुटकारा पाउन कति गाह्रो हुन्छ, मनन् गर्नुभएको छ ? यस्ता कुराहरू पनि डिजिटल हिंसा हुन् मनन गरौं !

बिट मार्दामार्दै, विश्वव्यापी रूपमै बढ्दै गएको प्रविधिको बढ्दो प्रयोगभित्र नेपाल मात्रै अछुतो रहन सक्ने सम्भावना अवश्य हुँदैन । त्यसमा पनि सोसल मिडियाका सामग्री सबैभन्दा अनियन्त्रित बनिरहेको देखिन्छ । सामाजिक सञ्जालबाट व्यापक रूपमा अनियन्त्रित बनिरहेको घृणाजन्य अभिव्यक्ति, गोपनीयता हनन्, मिथ्या सामग्रीमा छुट दिँदै जाने हो भने यसले अझै ठूलो समस्या निम्त्याउँदै जाने पक्का छ । यसको लागि डिजिटल अभिव्यक्तिलाई लिएर कानून बन्नु जरूरी छ । कानून बनाउने कुरामा बहस पनि चलिरहेकै छ । तर, कानून बनाउँदा संविधानप्रदत्त मौलिक हकलाई हनन् हुन दिनुहुँदैन भन्ने कुरा महत्वपूर्ण हो । यसको लागि विधेयक पनि बनिसकेको हो तथापि, विधेयकलाई पूर्णता दिने कुरामा सधैं सत्ता पक्ष र प्रतिपक्षको बीचमा सहमति नै हुँदैन ।

विधेयकको अर्को रोचक पक्ष के हो भने सत्तामा रहेको दल यसको पक्षमा उभिन्छ तर, जब सत्ता परिवर्तन भएर विपक्षमा पुग्छ अनि त्यही दल विधेयकको विपक्षमा हुन्छ । नेपालमा कानून बनाउँदा, दक्षिण एशियाली बङ्गलादेशमा जस्तो व्यक्तिगत नियन्त्रणमुखी हुन नदिन सम्बन्धित पक्ष चनाखो र सचेत रहनुपर्दछ । यी तथ्यहरूलाई मनन् गर्दै सूचनाप्रविधि विधेयक ल्याउन जरूरी भइसकेको छ ।

*(साभार: अनलाइनखबर)*

# अप्ठेरोमा देश: पार लगाउने जिम्मा नयाँ दलको

✍ भूमिनन्द बराल

देशको अवस्था ठिक छैन । नेपालको राजनीति इतिहासकै सबै भन्दा संवेदनशील मोडमा उभिएको छ । व्यवस्था परिवर्तन भएको डेढ दशक बितिसक्दा पनि नागरिकको जीवनस्तरमा तात्त्विक परिवर्तन अनुभव भएन । राजनीतिक दलहरू सत्ताको लुछाचुँडीमा मात्र केन्द्रित भए । एकपछि अर्को गर्दै भ्रष्टाचारका ठुला काण्डहरू सार्वजनिक हुँदैछन् । समग्रमा देश नै डरलाग्दो 'अधोगति' तर्फ गएको भान हुँदैछ । आजको राजनीतिलाई नियाल्न आलेखमा निम्न आँखीझ्याल प्रयोग गरिएको छ ।

**राजनीतिक ध्रुवीकरणको नयाँ स्वरूप**

राजनीति विभिन्न स्वरूपको ध्रुवीकरणमा छ । विगतमा कांग्रेस र कम्युनिस्टबिच हुने यस्ता ध्रुवीकरण सैद्धान्तिक आधारमा हुन्थे । तर अहिले सैद्धान्तिक आधार खिइएर 'सत्ता स्वार्थको ध्रुवीकरण' मा सीमित भएको छ । आजको ध्रुवीकरणलाई बुझ्न पुरानो तरिका पर्याप्त छैन । आउनुस् देशमा हुँदै गरेको ध्रुवीकरणका मुख्य आयामहरूबारे चर्चा गरौं ।

**पुराना दलविरुद्ध नयाँ शक्तिको ध्रुवीकरण:**

समाज स्पष्ट दुई कित्तामा उभिएको छ । एकातिर कांग्रेस, एमाले, माओवादीलगायत दशकौंदेखि सत्तामा रहेका स्थापित दलहरू छन् भने अर्कोतिर रवि लामिछाने नेतृत्वको रास्वपा, उज्यालो नेपाल, बालेन शाह जस्ता व्यक्तिहरू तथा 'नो नट अगेन' भन्ने शक्ति छ । आपसमा एक ठाउँमा भएर उभिँदै गर्दा यस्तो ध्रुवीकरण एजेन्डामा भन्दा पनि 'अस्तित्व' को लडाइँमा बढी केन्द्रित देखिन्छ । पुराना दललाई आफ्नो स्थापित शक्ति र अस्तित्व रक्षा गर्नुछ । नयाँ शक्तिलाई आफ्नो सम्मानजनक स्थान सुरक्षित गर्नुछ । सबै 'डु एन्ड डाई' को अवस्थामा छन् । यस्तो अस्तित्वको लडाइँमा मुलुकको एजेण्डा कतै छायामा त पर्दैन भन्ने आशंका गर्ने ठाउँ धेरै छ ।

**व्यवस्था विरोधी ध्रुवीकरण:**

गणतन्त्र र सैंघीयता कार्यान्वयनमा देखिएका कमजोरीहरूको जगमा 'राजावादी' वा व्यवस्था विरोधी स्वरहरू एक ठाउँमा ध्रुवीकृत हुँदैछन् । सडकमा देखिने प्रदर्शनहरूले वर्तमान संविधान माथि नै प्रश्न चिन्ह खडा गरिदिएका छन् ।

क्रमश: पृष्ठ-३.....




# टीयूमा छाएका फाफ, प्लेअफअघि विराटनगरको रवाफ

काठमाडौं/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करणमा शानदार सुरुवात गरेको विराटनगर किङ्सले लगातार तीन खेल जितेपछि धेरैको अनुमान थियो सहजै प्लेअफमा पुग्न सक्छ भनेर । अर्कोतर्फ सुदूरपश्चिम रोयल्सले पनि समान किसिमको नतिजा निकाल्दै गइरहँदा धेरैले यही दुई टिमलाई शीर्ष २ अनि उपाधिको दाबेदार मान्न थालेका थिए । तर चौथो खेलमा विराटनगरलाई चितवन राइनोजले झट्का दियो । त्यसपछि पाँचौं खेलमा बसिर अहमद चम्किँदा कर्णाली याक्सलाई हराएको विराटनगर लुम्बिनीसँग पराजित भयो ।

अर्कोतर्फ लगातार ६ वटै खेल जितेर सुदूरपश्चिम भने शीर्षमा रहने पक्का भइसकेको थियो । यता विराटनगर भने प्रतियोगिताको बीचमा केही धर्मराएर शीर्ष २ बाट भने टाढा देखिन थालेको थियो । प्लेअफ पुग्ने पक्का भइसकेपनि विराटनगर शीर्ष २ मा पर्नका लागि भने एउटा ठूलो अन्तरको जित आवश्यक थियो, त्यो पनि अपराजित टोली सुदूरपश्चिमविरुद्ध । यो खेल हाइ भोल्टेज खेलका रूपमा समेत हेरिएको थियो ।

'हाइ भोल्टेज' खेलमा विराटनगरले त्यही सुदूरपश्चिमको त्यो अपराजित यात्रामा ब्रेक लगाउँदै शानदार जित हासिल गरेर शीर्ष २ मै फिनिस गर्न सफल भयो । यो त्यति सहज कुरा भने थिएन । विराटनगरको यो रवाफिलो जितमा कप्तान सन्दीप लामिछानेको बलिङसँगै स्टार विदेशी खेलाडी फाफ डुप्लेसी अनि साम हिजलेटको ब्याटिङ उत्कृष्ट रह्यो । अंकतालिकामा काठमान्डुसँगै समान ८ अंक भएर नेटरनरेटमा पछाडि रहेको विराटनगर यस खेलअघि तेस्रो स्थानमा थियो । विराटनगरलाई एउटा फराकिलो जितको आवश्यकता थियो र त्यसअनुसार नै ब्याटिङ गरेर नेट रनरेटमा काठमान्डुलाई उछिनेर दोस्रोमा पुग्यो, क्वालिफायर वानमा स्थान सुरक्षित गर्‍यो ।



सुदूरपश्चिमले दिएको १४८ रनको लक्ष्य विराटनगरले १३.४ वा सोभन्दा अघि पूरा गरेको अवस्थामा शीर्ष २ मा पुग्ने थियो । त्यसैअनुसार सुरुवातदेखि आक्रामक ब्याटिङ गरेका डुप्लेसी र हिजलेटले अर्धशतक बनाएपछि विराटनगरले १२औं ओभरमै लक्ष्य पूरा गर्‍यो । त्यसक्रममा पावरप्लेमै ८७ रन बनाएर कीर्तिमान पनि बनायो ।

क्वालिफायर वानमा पनि विराटनगरले फेरि सुदूरपश्चिम रोयल्ससँगै खेल्नेछ । विराटनगरका कप्तान सन्दीप लामिछानेले सुदूरपश्चिमले धेरै राम्रो क्रिकेट खेलिरहेको बताउँदै आजको खेलबाट सकारात्मक पक्षहरू अर्को खेलमा पनि लिएर जाने बताए । 'सुदूरपश्चिमले धेरै राम्रो ब्रान्ड अफ क्रिकेट खेलिरहेको छ, त्यसको क्रेडिट दीपेन्द्र (कप्तान)लाई पनि जान्छ' सन्दीपले भने, 'आजको दिनमा जसरी खेलेका छौं, सकारात्मक कुराहरूलाई अगाडिको खेलमा पनि लिएर जानेछौं ।'

**टीयूमा छाएका फाफ डुप्लेसी**

दक्षिण अफ्रिकी स्टार ब्याटर फाफ डुप्लेसीलाई हामीले विश्वका विभिन्न फ्रेन्चाइज क्रिकेट लिगहरूमा शानदार प्रदर्शन गरेको देख्दै आएका छौं । ब्याटिङ मात्र नभएर फिल्डिङमा पनि अब्बल रहेका उनले यसअघि लुम्बिनीसँगको खेलमा ब्याटिङमा सफल नभएपनि फिल्डिङमा एक उत्कृष्ट क्याच लिएका थिए ।

शनिबारको खेलमा भने उनको ब्याट पनि चल्यो, त्यो पनि शानसहित । सुरुवातदेखि नै आक्रामक ब्याटिङ गरेका उनले १९ बलमै अर्धशतक पूरा गरेर यो सिजनको जोइन्ट फास्टेस्ट (सबैभन्दा छिटो) अर्धशतक बनाउने खेलाडी बने । उनले ५ चौका र ४ छक्का प्रहार गरेका थिए । फाफले आकर्षक शटहरू प्रहार गर्दै शनिबारको 'फूल प्याक' टीयू क्रिकेट स्टेडियममा उत्साहको माहोल बनाएका थिए । उनलाई अस्ट्रेलियन ब्याटर साम हिजलेटले पनि साथ दिए, जसले २७ बलमा ३ चौका र ४ छक्का सहित ५१ रन बनाए ।

दुवै खेलाडी अर्धशतक प्रहार गरेपछि आउट भएका थिए, तर टिमका लागि आवश्यक जितनजिक पुर्‍याएर बेस बनाइदिइसकेका थिए । उनै फाफ डुप्लेसी 'प्लेयर अफ द म्याच' पनि घोषित भए । खेलपछि कुरा गर्दै डुप्लेसीले योजना अनुसार नै खेलेको र त्यही अनुसार सफल भएको बताए । 'हामी क्लियर सोचका साथ आएका थियौं, हारेपनि केही बिग्रने थिएन । टस जितेर चेज गर्न नै चाहन्थ्यौं, त्यस्तै भयो' उनले भने ।

नेपाली दर्शकका सामू खेल्न पाउँदा धेरै खुसी लागेको बताए । यहाँको दर्शकहरू साँच्चिकै गज्जब छन्, प्यासनेट क्राउड छ, मलाई यहाँ बज्ने संगीतहरू पनि मन पर्‍यो' डुप्लेसीले भने, 'आरसिबीका फ्यानहरू पनि हुनुहुँदो रहेछ, यहाँ आएर यो सबै हेर्न पाउँदा खुसी लागेको छ ।' कप्तान सन्दीपले पनि फाफ र हिजलेटबाट शानदार ब्याटिङ भएको उल्लेख गरे । 'हामी गो फर अ किल तरिकाले सोचेका थियौं, हार्नका लागि पनि केही थिएन प्लेअफमा पुगिसकेका थियौं' सन्दीपले भने, 'फाफ र सामबाट धेरै राम्रो ब्याटिङ भयो, फ्यान मोमेन्ट पनि भयो हामी बाहिर बसेर हेर्दा ।'

**सन्दीपको कप्तानी लय**

विराटनगर किङ्सका कप्तान सन्दीप लामिछानेले आजको खेलमा ३ महत्वपूर्ण विकेटहरू लिए । उनले सुदूरपश्चिमको टप अर्डरका जोश ब्राउन अनि इशान पाण्डे तथा तल्लोक्रममा घातक साबित हुनसक्ने हर्मीत सिंहको विकेट लिएका थिए । उनकै बलिङ मद्दतमा सुदूरपश्चिमलाई निरन्तर दबाबमा राखेको विराटनगरले मध्यम योगफलमा रोक्न सफल भयो जसले गर्दा ब्याटरलाई रन चेज गर्न पनि धेरै दबाब भएन ।

सन्दीप सर्वाधिक विकेट लिने बलरको सूचीमा शीर्षस्थानमा छन् । उनले ७ खेलमा १५ विकेट लिएका छन् । विराटनगरको हरेक जितमा कहीँ न कहीँ सन्दीपको प्रभाव पनि परेको हुन्थ्यो । ब्याटिङमा पनि उनले एक-दुई ठूला शट प्रहार गरेर टिमका लागि रन पनि बनाए ।

डुप्लेसीले पनि सन्दीपको प्रशंसा गर्दै उनी विशेष खेलाडी भएको बताए । 'सन्दीप स्पेशल खेलाडी हुन् । ठूला लिगहरू पनि खेलेका छन् । बलिङमा पनि महत्वपूर्ण सफलताहरू दिलाएका छन् । कप्तानका रूपमा पनि राम्रो गरेका छन् । मेरो अनुभव साट्न पाउँदा मलाई पनि राम्रो लागेको छ' डुप्लेसीले भने ।

सन्दीपले आफ्नो व्यक्तिगत सफलताभन्दा पनि टिमको जितका लागि के राम्रो हुन्छ त्यो सोच्ने बताए । 'मेरो टिम जितिरहेको छ कि छैन भन्ने चिन्ता हुन्छ, आफ्नो टिमको लागि राम्रो गर्नुपर्‍यो भन्ने हो' उनले भने ।

**सुदूरलाई झट्का ?**

प्रतियोगितामा लगातार ६ खेल जितेको सुदूरपश्चिम सातौं खेलमा आएर पराजित भयो । गत संस्करणमा पनि लिग चरणमा सुदूरले एकमात्र हार बेहोरेको थियो । त्यसबेला भने लिग चरणको बीचमा हार बेहोरेको सुदूरले यसपटक भने प्लेअफको ठीक अगाडि हार बेहोरेको छ, त्यो पनि एकपक्षीय रूपमा । शनिबारको खेलमा ब्याटिङमा सुरुवातदेखि नै दबाबमा रहेको सुदूरले बलिङ पनि फितलो गर्‍यो । यसमा विराटनगरका ब्याटरको शट सेलेक्सन पनि एउटा फ्याक्टर रह्‍रुयो । आजको हारले सुदूरपश्चिमलाई सानो झट्का भने दिएको छ ।

सुदूरले अब पहिलो क्वालिफायरमा पनि विराटनगर सँगै खेल्दैछ । त्यसपछि फाइनलमा पनि यी दुई टोली नै भेट हुन सक्ने सम्भावना पनि रहन सक्छ । सुदूरका ब्याटर आरिफ शेखले आजको हारले त्यस्तो केही असर नपर्ने बताए । 'आज नयाँ कम्बिनेसनका साथ खेलेका थियौं, फेरि पनि एक दिन अभ्यास छ हामी राम्रो तयारी गरेर आउनेछौं' आरिफले भने । उनले आजको खेलमा केही क्षेत्रहरूमा चुक्दा हार बेहोरेको बताए । 'विकेट पनि अलि ट्रिकी देखिएको थियो, हामीले २०-२५ रन बढी बनाउने थियौं होला तर भएन । विराटनगरका ब्याटरले पनि धेरै राम्रो खेले' उनको भनाइ थियो ।

*(स्रोत: अनलाइनखबर)*

# म्युजियम अफ द मुभिङ इमेजमा देखाइदै एक्लो




काठमाडौं/फिल्म 'एक्लो' को अमेरिकाको न्युयोर्कस्थित विश्वप्रसिद्ध म्युजियम अफ द मुभिङ इमेजमा ऐतिहासिक प्रिमियर हुने भएको छ । क्रिस्टोफर नोलनका विशेष फिल्म, मार्टिन स्कोर्सेजीका कृतिहरू, मार्वेल स्टुडियोजका बिशेष प्रोजेक्टहरू, साथै ब्राड पिट, लियोनार्डो डिक्याप्रियो, टम ह्याङ्क्स, मेरिल स्ट्रीप जस्ता अन्तर्राष्ट्रिय स्टारसँग सम्बन्धित विशेष स्क्रिनिङ र प्रिमियर भइसकेको यो स्थानमा डिसेम्बर २८ मा 'एक्लो' को प्रिमियर हुन लागेको हो ।

प्रिमियरमा फिल्मका निर्देशक प्रदीप शाही, अभिनेता प्रदीप खड्का, विजय लामा, अभिनेत्री वेनिशा हमाल, तथा कविता नेपालीको उपस्थिति हुनेछ ।

साइन्स-फिक्सनमा आधारित फिल्म आगामी पुस १७ गतेदेखि नेपालसहित विश्व बजारमा प्रदर्शनमा आउने तयारीमा छ । निर्देशक प्रदीप शाही बेलायतमा बसेर फिल्म निर्माणमा सक्रिय छन् र 'एक्लो' उनको तेस्रो निर्देशन हो । फिल्ममा प्रदीप खड्का, विजय लामा, सुनील थापा, दिया पुन, वेनिशा हमाल, दिनेश डीसी, कविता नेपाली, सुरजसिंह ठकुरी, एवन राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोद सुवेदी 'क्षितिज', श्रीशेष श्रेष्ठ, बाल कलाकार जेमिन श्रेष्ठ र स्योन सविक सिंह लगायतका कलाकारको अभिनय रहेको छ । साथै बेलायती अभिनेता जेमी बेकनको समेत महत्वपूर्ण भूमिकामा छन् ।

एनआरएन समूहको लगानीमा निर्माण भएको यस फिल्मका कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज' हुन् । छायाङ्कन बाबु श्रेष्ठ, द्वन्द्व निर्देशन राजु तामाङ, सेट डिजाइन राजु पेन्टर, कला निर्देशन सन्तोष लामा र प्रोडक्सन डिजाइन द्रोणप्रसाद पौडेल 'ठेउके' ले सम्हालेका छन् ।

# मिरमिरे टिजर: आमाविहिन छोरी र दयाहाङको जिम्मेवारी



काठमाडौं/बाबु र छोरीको भावनात्मक सम्बन्धलाई प्रस्तुत गर्दै फिल्म 'मिरमिरे'को टिजर सार्वजनिक गरिएको छ । यम शेर्पाको लेखन तथा निर्देशन रहेको फिल्मको टिजर शुक्रबार सार्वजनिक गरिएको हो । फिल्म आगामी माघ १ गते रिलिज हुँदैछ ।

टिजरमा बाबु दयाहाङ राईले आमाविहिन छोरी साइसा गौचनको लालनपालन र शिक्षाको जिम्मेवारी उठाइरहँदा हुने भावनात्मक सम्बन्धलाई देखाइएको छ । दयाहाङले छोरीको पालनपोषणका लागि स्कुलमा काम गरिरहेको देखाइएको छ ।

सिर्जना निङलेखु स्कुलकी शिक्षिका हुन् । उनी त्रिकोणात्मक प्रेममा रहेको छनक टिजरले दिएको छ । दयाहाङ राई र प्रकाश सपूतसँग उनी प्रेममा रहेको हो कि भन्ने फिल्मको संवाद र दृश्यबाट अनुमान लगाउन सकिन्छ ।

यार्सा फिल्म्सको प्रस्तुति रहेको फिल्ममा दयाहाङ राई, प्रकाश सपूत, सिर्जना निङलेखु, माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, शाइसा गौचन, दिविशा पन्त, चिराग श्रेष्ठ र नमनराज गजुरेलको अभिनय छ ।

निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माता रहेको फिल्मका सह-निर्माताामा गोविन्द बोहरा, सुदिप कुँवर छन् । यो चलचित्रको कार्यकारी निर्माताामा आरआर फिल्मसका सञ्चालक समेत रहेका चलचित्र वितरक रोहित कट्टेल रहेका छन् ।

वीरेन्द्र शाही लाइन प्रोड्युसर रहेको यस फिल्ममा सुदिप कुँवर मुख्य सहायक निर्देशक, सञ्जु थलाङ लिम्बु मेकअप र दिलीप पन्त निर्माण नियन्त्रक रहेका छन् । फिल्मको देशभर वितरणको जिम्मेवारी रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्सले लिएको छ ।

# केराको थम्बाबाट साइलेज बनाउने प्रविधिमा अनुसन्धान सुरु, किसान उत्साहित

चितवन/चितवनको राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम रामपुर चितवनले खेरजाने केराको थम्बाबाट पशुचौपायालाई खुवाउने साइलेज बनाउने प्रविधिबारे अनुसन्धान सुरु गरेको छ । कार्यालय प्रमुख देवीप्रसाद अधिकारीले किसानको खेतबारीमा खेर गइरहेको केराको थम्बालाई सदुपयोग गर्ने उद्देश्यले साइलेज बनाउने तरिका र प्रविधिबारे अनुसन्धान थालिएको बताए ।

उनका अनुसार यसका लागि नवलपरासीका एक किसान छनौट गरिसकिएको छ । साइलेज बनाउने प्रविधिबारे अनुसन्धान गर्न चालु आर्थिक वर्षमा ६ लाख रुपैयाँ विनियोजन गरिएको छ । डा. हेमराज ढकालको नेतृत्वमा अनुसन्धान थालिएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिए ।

केराको थम्बालाई चपिङ गर्ने (टुक्राउने) र केराको थम्बामा पानीको मात्रा अधिक हुने भएकाले त्यसलाई घटाउने विभिन्न चरणहरूका बारेमा अनुसन्धान हुनेछ । काटेर टुक्रा पारिएको थम्बाबाट पानीको मात्रा घटाउन घामको ताप वा बिजुली दुबै तरिकाबाट परीक्षण गर्ने अधिकारीले बताए । किसान आफैंले घरमा सानो लगानीमा गर्न सक्ने गरी प्रविधिको विकास गर्ने योजना कार्यालयको रहेको उनले जानकारी दिए । प्लास्टिक प्याकेजिङ वा पिटमा बनाउने विषयमा पनि अनुसन्धान हुनेछ । तीन वर्षे कार्ययोजना बनाएर विभिन्न चरणमा अनुसन्धान पुरा हुने कार्यक्रम प्रमुख अधिकारीले जानकारी दिए । यसरी बनेको साइलेजको रङ, पौष्टिक तत्व लगायतका विविध विषयमा अनुसन्धान हुने उनको भनाइ छ ।

मकै वा नेपियर घाँसबाट बनेको साइलेजभन्दा अझै बढी पोसिलो बनाउनसके त्यसले केरा किसान र दुग्धपालक किसान दुवैलाई फाइदा पुग्ने हिसाबले काम गर्ने सोच रहेको अधिकारीले जानकारी दिए । पानीको मात्रा घटाउन सकिएन भने अर्को विकल्प र विधिमा समेत अनुसन्धान गर्ने लक्ष्य राखिएको छ । 'केराका पातहरु घर पालुवा पशुचौपायालाई खुवाउने गरिए पनि थम्बा भने खुवाउने गरेको पाइँदैन । हात्तीले भने केराको थम्बा खाने गर्दछ । घरपालुवा पशुचौपायालाई खुवाउने साइलेजबारे केराको थम्बाको अहिलेसम्म अनुसन्धान भएको छैन,' डा. अधिकारीले भने, 'अनुसन्धानबाट नौलो प्रविधि तयार गर्न सके किसानहरूलाई प्रत्यक्ष लाभ मिल्नेछ ।'

**केरा किसान भन्छन्- नयाँप्रविधिको विकास भए सबैभन्दा खुसी हुन्छौं**

मकैको साइलेज बनाएर खुवाए पनि केराको साइलेज बनाउने प्रविधि तयार गर्नसके केरा किसान र पशुपालक किसानका लागि नयाँ फड्को हुने जिल्लाका केरा व्यवसायी बताउँछन् । 'जिल्लाका विभिन्न ठाउँमा ५० बिघामा केरा खेती गरेका किसान यज्ञ सुवेदीले किसानले कुहाएर फाल्ने केराको थम्बाबाट साइलेज बनाउन सके सबैभन्दा खुसी हामी हुनेछौं,' उनले भने ।

केराका थम्बामा पोटासियमको मात्रा बढी हुने भएकाले प्राङ्गारिक मल बनाउने उद्यमीले लगे पनि त्यसले खासै फाइदा नभएको किसान सुवेदीले बताए । 'यसै खेर जाने केराको थम्बाबाट साइलेज बनाउन सके किसानहरुको केरा उत्पादनमा थप भ्यालु एड हुन्थ्यो, केरा, पात र थम्बा बेचेर फाइदा लिन सकिन्थ्यो' सुवेदीले भने, 'व्यावसायिक रुपमा गाई वा भैंसी पाल्ने किसानलाई पनि फाइदा हुन्थ्यो ।'

चितवनकै अर्का केरा किसान विष्णुहरि पन्तले थम्बाबाट साइलेज बनाउने बारेमा अनुसन्धान सुरु भएको कुरा सुनेर आफूलाई खुसी लागेको बताए । उनले पहिलोपटक यस्तो सुनेको भन्दै अनुसन्धानलाई सघाउन जिल्लाका केरा व्यवसायीले सहयोग गर्ने बताए । झण्डै २५ बिघामा केराखेती गरेको पन्तले अहिले केराको थम्बा यसै माटोमा फाल्ने गरेको बताए । 'यसै फालिएको चिजबाट कुनै अर्को उपलब्धिमूलक काम हुन सक्यो भने त्यसको लाभ सबैलाई हुन्छ' पन्तले भने, 'अनुसन्धान सफलबनाउन केरा व्यवसायीहरुले गर्नुपर्ने आवश्यक साथ र सहयोग गर्न तयार छौं ।' उनले अनुसन्धानमा तीव्रताका साथ काम गर्न अनुरोध समेत गरे । जिल्लामा सयौं बिघामा केराखेती रहेको भन्दै पन्तले अनुसन्धान सफल भएमा सबै केरा किसान थप उत्साहित हुने बताए । चितवनमा २८ सय ५० विगाहामा केराखेती लगाइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# *अप्ठेरोमा देश: पार लगाउने...*

व्यवस्था तथा त्यसको आधारका रूपमा रहेको संविधानमाथि प्रश्न चिन्ह खडा गरेर देखा परेको आवाजले राजनीतिको दिशा बदल्ने प्रयास गरिरहेकै छ । यस्तो ध्रुवीकरण बढ्दै जाँदा देश झनै जोखिममा पर्दै जान्छ ।

**अस्थिर गठबन्धन:**

देशमा पुन: कुनै पनि दलको स्पष्ट बहुमत नआउने निर्वाचन प्रणालीको मारमा पर्दैछ । झिनो स्वार्थमा देशको फेरो घुम्दैछ । हिजोका दिनमा नेताहरूको पदलोलुपताले गर्दा हरेक ६ महिना वा एक वर्षमा सरकार परिवर्तन हुनु सामान्य बनेको थियो । अबका दिनमा पनि त्यस्तै अवस्था दोहोरिने हो कि भन्ने चिन्ता छ । एमाले-कांग्रेसको सहकार्य होस् वा वाम एकता, यी सबै जनताका लागि नभई केवल 'शक्ति बाँडफाँट' का लागि मात्र भएको बुझाइ आम नागरिकमा छ । साथै नयाँ दलमा देखिन थालेको यस्तै पद लोलुपता र आत्मकेन्द्रित चिन्तनले देशलाई गम्भीर सङ्कटमा लैजाने हो कि भन्ने चिन्ता पनि छ ।

**भविष्यको मार्गचित्र**

राजनीतिक एवं आर्थिक वृत्तका सन्देशहरू आशाप्रद छैनन् । चौतर्फी व्याप्त निराशा तथा यस्तै राजनीतिक संस्कार कायम रहने हो भने नेपालले निकट भविष्यमा थप गम्भीर सङ्कटको सामना गर्नुपर्ने देखिन्छ । विभिन्न क्षेत्रका सूचक तथा पछिल्ला अनुभवहरू हेर्ने हो भने मुलुकको निराशाजनक तस्बिर प्रस्टै देख्न सकिन्छ ।

देशको अर्थतन्त्र विप्रेषणको भरमा मात्र टिकेको छ । युवा पलायनले गर्दा आन्तरिक उत्पादन शून्य प्राय: छ । विश्व बजारमा मन्दी वा कुनै कारणवश वैदेशिक रोजगारीमा सङ्कट देखियो भने नेपालको अर्थतन्त्र तासको घर जस्तै ढल्ने निश्चित छ । त्यसले हाम्रो अर्थतन्त्रमा रहेको परनिर्भरताको विस्फोट गराउनेछ ।

गाउँमा युवा जनशक्ति छैनन् । भविष्यमा नेपाल 'वृद्ध-वृद्धाहरूको देश' बन्ने तथा सामाजिक सुरक्षा प्रणाली नै धान्न नसक्ने स्थितिमा पुग्ने जोखिम बढेको छ । यो दशा देख्न धेरै वर्ष नलाग्न सक्छ । जनसांख्यिकीय असन्तुलनले सामाजिक, राजनीतिक एवं आर्थिक क्षेत्रमा दुर्घटना निम्त्याउने जोखिम छ । यसैबिच न्यायालय, अख्तियार, प्रहरी प्रशासन र विश्वविद्यालयले पनि राम्रो काम गरेर देखाउन सकेका छैनन् । कारण हो- संस्थाहरूमा गरिने चरम राजनीतिकरण । संस्थाहरू असफल हुनु भनेको राष्ट्र असफल बन्न हो । त्यसैले हामीले त्यसतर्फ गम्भीरतापूर्वक ध्यान दिनु पर्नेछ ।

**नागरिक निराशाका कारणहरू**

अहिलेको अवस्था कस्तो छ भने देशमा व्याप्त निराशा विभिन्न कोणबाट अभिव्यक्त हुँदै गइरहेको छ । निराशा निराधार पनि छैनन् । युवा पुस्तामा देखिएको चरम निराशाका पछाडि ठोस कारणहरू छन् । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा काण्ड, सुन तस्करी र सहकारी ठगीजस्ता ठुला काण्डहरूमा अगुवा नेताहरूकै नाम मुछिएको छ । कोही कानुनी दायराबाट उम्किने कोही त्यही कानुनको फन्दामा पर्ने हुँदा विधिको शासनमाथि विश्वास गुमेको छ । त्यसैले 'यहाँ बसेर काम छैन' भन्ने भाष्य आम बन्न पुगेका छ ।

*(साभार: रातोपाटी)*

# द ब्ल्यू लाइट पोस्टर: आशा र निराशाको मार्गमा बेनिशा

काठमाडौं/अभिनेत्री बेनिशा हमालका तीन भाव झल्काउने फिल्म 'द ब्ल्यू लाइट'को पोस्टर सार्वजनिक भएको छ । आगामी पुस १० गते रिलिज हुने फिल्मको नयाँ पोस्टरमा बनिशालाई हर्षित र चिन्तित भावमा देख्न सकिन्छ ।

पोस्टरमा ठूलो आकृतिमा बेनिशा प्रसन्न मुद्रामा छिन् । उनी आशावादी देखिएकी छन् । अर्को लुक्समा उनी हातमा चुरोट लिएर अडेस लाग्दै निराश देखिएकी छन् । हातका पाँचवटै औंलामा औंठी छ । एउटै औंलामा दुईटा औंठी पनि देख्न सकिन्छ ।

अर्को तस्बिरमा उनी अभिनेता महेश त्रिपाठीसँग टेबलमा आमनेसामने देखिन्छिन् । त्यस्तै ग्रिस्मा कटुवाललाई पनि पोस्टरमा देखिन्छ । उनी आँखाभरि आँसु बनाएर रोइरहेकी छन् । पोस्टरमा निलो लाइट छ, यो रंगले चलचित्रको नामको टोन दिने प्रयास गरेको छ ।

बलिराम चौहानको निर्देशन रहेको फिल्ममा बेनिशा हमाल, अर्पण थापा, आयुसमान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी र सुरक्षा इटानी तथा बालकलाकार ग्रिस्मा कटुवाल र सहारा शर्माको अभिनय छ ।

साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भएको फिल्म स्काइफल पिक्चर्सले निर्माण गरेको हो । रमन ग्रे सहनिर्माता रहेको फिल्ममा नरेन्द्र मैनालीको छायांकन छ । आकाश उखेडा मुख्य सहायक निर्देशक रहेको चलचित्रमा रेलिजा श्रेष्ठ प्रोडक्सन डिजाइनर, दिलीप पन्त निर्माण नियन्त्रक छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# राजमार्ग बिस्तारका लागि हेटौँडाको सडकमा डोजर चलेपछि यस्तो देखियो




### निर्वाचन आयोगद्वारा राजनीतिक दललाई २० बुँदे निर्देशन

# समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्ने

साझाकुरा संवाददाता

हेटौँडा, २० मंसिर/ निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरुलाई विभिन्न २० बुँदे निर्देशन दिएको छ ।

आयोगले आगामी पुस ११ गते राष्ट्रियसभाको निर्वाचनको मिति तय गरेको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनका लागि आवश्यक सहयोग गर्न आग्रह गर्दै आयोगले निर्देशन दिएको छ ।

निर्वाचनमा समावेशी समानुपातिक प्रतिनिधित्व कायम गर्दै निर्वाचनमा सुशासन कायम गर्नका लागि राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दललाई आवश्यक निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिए ।

निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाई नघटने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवम लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।

राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसदमा ४० प्रतिशत महिला प्रतिनिधित्व पुऱ्याउने नीति अखितयार गर्ने विषयको प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।

यस्तै, राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि गर्न पाइनेछैन ।




मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्ने, राजनीतिक दलको घोषणा पत्र लगायतका दस्तावेजमा लैङ्गिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्नुपर्नेछ ।

महिला, दलित वा अल्पसंख्यक समुदायका लागि आरक्षण गरिएका पद बाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तिमा एक तिहाई महिला र नेपालको सामाजिक विविधता प्रतिविम्वित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्नुपर्नेछ । राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चितता गर्नुपर्नेछ ।

निर्वाचन प्रचारप्रसार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवम समावेशी समूह वा अन्य कुनै पनि उम्मेदवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने, हतोत्साहित गर्ने, चरित्र हत्याका प्रयास गर्ने एवम कमजोरी देखाउने जस्ता विभेदजन्य कार्य नपाइने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र एवम् प्रतिष्ठामा आँच आउन सक्ने, आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचार प्रसार गर्न पाइने छैन ।

राजनीतिक दलले सामाजिक सञ्जालमा प्रयोग गर्ने भाषामा महिला तथा समावेशी समूहका व्यक्तिको भावनामा नकारात्मक असर पर्ने गरी गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह नहुने कुराको सुनिश्चितता गर्नुपर्ने आयोगको निर्देशनमा उल्लेख छ । राजनीतिक दलले निर्वाचनको प्रचारप्रसार गर्दा निर्वाचनमा लैङ्गिक तथा समावेशीता, निर्वाचनको महत्व र मतदान गर्ने तरीकालगायतका विषयमा मतदातालाई सुसूचित गर्ने गरी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

राजनीतिक पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने र त्यस्तो आचारसंहिता सम्बन्धित दल, दलका पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्नेछ । त्यस्तो आचारसंहिता पालना नगर्ने दलका पदाधिकारी, सदस्य तथा कार्यकर्तालाई दललको विधान बमोजिम कारवाही गर्नुपर्ने भन्ने कानुनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रममा उल्लिखित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेश गरेपछि त्यसरी पेश गरेको वन्दसूची सम्बन्धित दलले सार्वजनिक गर्नुपर्नेछ । राजनीतिक दलले नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने एवम् जातीय वा साम्प्रदायिक विद्धेष फैलाउने वा बिभिन्न जात,जाति, धर्म र सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने जस्ता हिँसात्मककार्य गर्न बन्देज गरिएको छ । सरकारी, सार्वजनिक, सामुदायिक वा नीजि सम्पतिको तोडफोड हानि नोक्सानी वा क्षति पुऱ्याउने वा पुऱ्याउन लगाउने तथा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य नगर्ने र नगराउने व्यवस्था मिलाउनुपर्नेछ ।

राजनीतिक दलले निर्वाचन घोषणापत्र बनाइ आयोगमा पेश गर्ने र सो घोषणापत्रको आधारमा निर्वाचन प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेछ । राजनीतिक दलहरूले राजनीतिक गतिविधि गर्दा बालबालिकालाई प्रयोग नगर्ने नगराउने व्यवस्था मिलाउनुपर्नेछ ।

यस्तै, दलले राजनीतिक वा निर्वाचनसँग सम्बन्धित गतिविधि गर्दा एक दलले अर्को दललाई वाधा अरोध गर्ने, थुनछेक गर्ने वा गराउने, निषेध गर्ने वा गर्न लगाउने जस्ता अलोकतान्त्रिक कार्य गर्न पाइनेछैन ।

# सिर्जनशिल समाज सहकारीको साधारणसभा



साझाकुरा संवाददाता

हेटौँडा, २० मंसिर/ मकवानपुरगढी-४ कालीखोलामा रहेको सिर्जनशिल समाज बचत तथा ऋण सहकारी संस्थाको १९ औ वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

साधारणसभामा संस्थाका अध्यक्ष कृष्ण विडारीले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष चुडाबहादुर बञ्जाराले आर्थिक प्रतिवेदन लेखा संयोजक अर्जुन प्रसाद सापकोटाले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा बाल बचतकर्ता समृद्धि पुडासैनी, अधिक बचतकर्ता पदम बहादुर योञ्जन, अधिक मासिक बचतकर्ता हरिप्रसाद चौलागाई र असली ऋणी नारायण प्रसाद ढुङ्गानालाई पुरस्कृत गरिएको थियो । यसैगरी उद्यमशिल ऋणी रघुनाथ चौलागाई र राजेन्द्र श्रेष्ठ, ज्येष्ठ शेयर सदस्य जगनिधि बजगाई, एसईईमा उत्कृष्ट अंक हासिल गर्ने बर्षात न्यौपाने र सहकारी अभियन्ता देवनारायण लामिछाने समेतलाई समेत पुरस्कृत गरिएको थियो ।

साधारणसभामा मकवानपुर गढी-४ कि वडा सदस्य सुमित्रा लामिछाने, संस्थापक अध्यक्ष हरिशरण पुडासैनी, सहिद रुद्र स्मृति सामुदायिक स्वास्थ्य ईकाई गढी ४ का प्रमुख लक्ष्मण दाहाल, प्रतिभा युवा क्लबका अध्यक्ष हेम बहादुर योञ्जन, सल्लाहकार विदुर प्रसाद लामिछाने, राजकुमार चौलागाई, खिल प्रसाद चौलागाई, विष्णुप्रसाद न्यौपाने, उपाध्यक्ष लक्ष्मण भट्टराई, सचिव सर्कलाल लो, शेयर सदस्य, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

संस्थाको आर्थिक वर्ष ८१/०८२ सम्मको शेयर पूजी ५३ लाख ४० हजार जगेडा कोष ६२ लाख ३० हजार अन्य कोष ११ लाख ७५ हजार रहेको छ । यसैगरी संस्थाको निक्षेप ५ करोड ५४ लाख ऋण लगानी ५ करोड ४७ लाख र शेयर सदस्य ९ सय ४७ जना रहेको ब्यवस्थापक बिमला न्यौपानेले बताईन् ।

अधिकांश जनजाती शेयर सदस्य रहेको यो सहकारीको साधारणसभामा उल्लेख्य सहभागिता रहेको थियो । साधारणसभा संस्था अध्यक्ष कृष्ण बिडारीको सभाध्यक्षतामा सम्पन्न भएको थियो ।

# फिफा विश्वकप २०२६ को खेलतालिका सार्वजनिक

काठमाडौं/आगामी वर्ष हुन गइरहेको फिफा विश्वकप २०२६ को समूह चरणको खेल तालिका सार्वजनिक गरिएको छ । अमेरिकाको वाशिंगटन डीसीमा आयोजित कार्यक्रममा फिफा विश्वकप २०२६ को समूह चरणको खेल तालिका घोषणा गरिएको हो ।

आगामी वर्ष अमेरिका, क्यानडा र मेक्सिकोको संयुक्त आयोजनामा प्रतियोगिता हुँदैछ । यसपालि पहलो रुपटक प्रतियोगितामा ४८ टिमहरू सहभागी हुँदैछन् । जसलाई १२ अलग-अलग समूहमा विभाजन गरिएको छ ।

प्रतियोगितामा सबैभन्दा ठूलो टक्कर समूह 'आई' मा देखिन सक्ने अनुमान गरिएको छ । यो समूहमा फ्रान्सलाई नर्वेका साथ राखिएको छ । समूह 'आई' मा सेनेगल पनि परेको छ ।

साविक विजेता अर्जेन्टिना समूह 'जे' मा राखिएको छ । ब्राजिलले समूह 'सी' मा स्कटल्यान्ड र मोरक्कोजस्ता टिमको सामना गर्नुपर्ने छ ।

आयोजक अमेरिकालाई समूह 'डी' मा अस्ट्रेलिया र पराग्वेजस्ता प्रतिद्वन्द्वी मिलेका छन् ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौँडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना